त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाण्डौं ।

प.सं./च.नं.

## थेसिस डिफेन्स प्रस्तुतीकरणको लागि मस्यौदा (Draft) बुझाउने सम्बन्धी सूचना ।

**प्रकाशित मिति २०८०/०२/१० गते ।**

यस अध्ययन संस्थानबाट सञ्चालित स्नातकोत्तर कार्यक्रमअन्तर्गत स्नातकोत्तर तहमा शैक्षिक सत्र २०२० र सो भन्दा अगाडिका शैक्षिक वर्षमा भर्ना भई थेसिस ड्राफ्ट बुझाउँन बाँकी भएका विद्यार्थीहरुले मिति २०८० जेष्ठ २७ गते कार्यालय समयभित्र थेसिस ड्राफ्ट बुझाउँन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । कुनै विषय तथा सेमिनार उत्तिर्ण नभएका विद्यार्थीहरुको हकमा भने मिति २०७९/११/२८ गतेलाई नै आधार मानी असार मसान्तभित्र कोर्ष रजिष्ट्रेशन गर्नु पर्नेछ । ड्राफ्ट बुझाउँनको लागि तपशिलका बुँदाहरुमा ध्यान दिनु पर्नेछ ।

**तपशिल :**

१. विषयगत सबै परीक्षाहरु, Comprehensive परीक्षा र Result Seminar उत्तिर्ण हुनु पर्नेछ ।

२. थेसिस ड्राफ्टमा सल्लाहकार समितिका अध्यक्ष र सदस्यहरुको अनिवार्य हस्ताक्षर भएको हुनु पर्नेछ ।

३. हस्ताक्षर भएको १ प्रति थेसिस ड्राफ्ट डीन कार्यालयको शैक्षिक शाखामा बुझाउँनु पर्नेछ । Presentation दिनमा भने ७ प्रति प्रष्ट बुझिने Presentation Slide ल्याउनु पर्नेछ ।

४. थेसिस ड्राफ्ट PG Bulletin मा उल्लेख गरेको ढाँचा अनुसार हुनु पर्नेछ । सो ढाँचा अनुसार नभएमा प्रस्तुतीकरणको लागि अयोग्य मानिनेछ ।

५. डीन कार्यालयमा बुझाएको थेसिस ड्राफ्ट नै अन्तिम प्रारुप मानी मूल्याङ्कन गर्ने भएकोले सोही अनुसार Presentation Slide बनाउनु पर्नेछ ।

६. थेसिस ड्राफ्ट बुझाउँन विद्यार्थी स्वयम आउनु पर्नेछ । तोकिएको समयमा ड्राफ्ट बुझाउँन नसक्नेको हकमा २०७९/११/२८ गते वाटनै नियमित रुपमा सेमेष्टर थप गर्नु पर्नेछ ।

७. यसै सूचना साथ संलग्न फाराम थेसिस ड्राफ्टमा राखी सूचनामा उल्लेखित शाखा/महाशाखा र सहायक डीन (शिक्षण) लाई प्रमाणित गरी थेसिस ड्राफ्ट शैक्षिक शाखामा बुझाउँनु पर्नेछ ।

..............................
डा. किशोर चन्द्र दाहाल
सहायक डीन (शिक्षण)

**कृषि र पशु विज्ञान अध्ययन संस्थानबाट सञ्चालित स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीले थेसिसको मस्यौदा बुझाउँने प्रयोजनका लागि तयार पारिएको फारामः**

विद्यार्थीको नामः रो.नं. R-

मोबाइल नम्बरः

| **क्र.सं.** | **शाखा/महाशाखा** | **विवरण** | **प्रमाणित हस्ताक्षर** | **कैफियत** |
|---|---|---|---|---|
| १ | आर्थिक प्रशासन शाखा | शुल्क बुझाउँन बाँकी छ/छैन । | | |
| २ | परीक्षा नियन्त्रण महाशाखा | सबै विषयहरु उत्तिर्ण भएको छ/छैन । | | |
| | | Comprehensive परीक्षा उत्तिर्ण भएको छ/छैन । | | |
| | | Result Seminar उत्तिर्ण भएको छ/छैन । | | |
| ५ | शैक्षिक शाखा | थेसिस डिफेन्सको लागि न्यूनतम मापदण्ड पुगेको छ/छैन । | | |
| | | थेसिस बुझि लिने । | | |

विद्यार्थीको हस्ताक्षर

सहायक डीन, शिक्षण
(प्रमाणित गर्ने)